Received Date: Jan. 2024 Revised: Feb. 2024 Accepted: March 2024

# आर्थिक सवालमा बुद्ध शिक्षाको महत्त्व

**अनिरुद्ध महर्जन**
एम.ए.(थेरवाद बुद्धिज्म)
थेरवाद बुद्धिष्ट एकेडेमी
Email: anirudha_maharjan@yahoo.com
DOI: https://doi.org/10.3126/hj.v15i1.63975

**सार**
*यस धर्तीमा मानिसको सृष्टिपश्चात् समयक्रमसँगै सभ्यताको विकास हुँदै आजको आधुनिक समाजको रूपमा विकसित भई हरक्षेत्र तथा हरपलमा मानव जीवनमा आर्थिक पक्ष जोडिन थाल्यो । विहान उठेदेखि नसुतेसम्म अनि गर्भधारणदेखि मृत्यु पश्चात्सम्म नै आर्थिक पक्षले गाज्न थालेसँगै आर्थिक क्रियाकलाप चलायमान भई आर्थिक सम्पतिको संकलन तथा संरक्षणको महत्त्व तथा आवश्यकता रहन गयो । वर्तमान जटिल जीवनशैलीमा आर्थिक सम्पन्नताको लागि मानव समाजमा हुने/नहुने, वैध/अवैध, नैतिक/अनैतिक क्रियाकलाप बढ्न गई समाजमा अपराध तथा भ्रष्टाचारजन्य घटना एवं शारीरिक तथा मानसिक तनावले ग्रसित बनाएको वर्तमान परिवेशमा उपरोक्त विकृति तथा विसंगतिको निराकरणको खातिर आर्थिक पक्षसँग सम्बन्धित सम्यक आजिविका, शील तथा नैतिक आचरण, हिरी र ओतप्प, राज्यको कर्तव्य, आयको वितरण, सम्पत्ति संरक्षण, चार सम्पदा, चार सुखसहित आर्थिक सवलताको लागि गरिने कार्य तथा क्रियाकलाप वा व्यवसायसँग जोडी गृहस्थीहरूको सुखमय जीवनयापनको लागि सोसँग सम्बन्धित विषयको उत्थानसहितको बुद्धको धर्म देशना तथा उपदेश आजभन्दा २६०० वर्ष अघिको तत्कालिन परिस्थितिमा जति महत्व रहेको थियो वर्तमान घडीमा अझ सान्दर्भिक, महत्वपूर्ण तथा उपयोगसिद्ध रहेको छ ।*

**शब्द कुञ्जिका:** अर्थोपार्जन, कुशल कर्म, पञ्चशील, समाज, सम्यक आजिविका ।

## पृष्ठभूमि

मानवको रूपमा सृष्टिको शुरूवात हुँदै वर्तमान सभ्यताको अवस्थासम्म पुग्नु मानवमा रहेको असिमित क्षमता एवं चेतनाको उपज हो । मानव सभ्यताको विकासको क्रममा व्यक्तिगत सम्पत्तिको सृष्टि भई सोको लागि पाप, धर्म उत्पन्न भयो । सम्पत्ति र घरपरिवारको सृष्टिपश्चात् चोरी उत्पन्न भएर सत्वले काम नगरी ठगी गर्न सिके । यसरी चोरी कर्म, गाली गलौज निन्दा, झूठो अनि दण्डको शुरूवात भयो (बज्राचार्य, वि.सं.२०६८) । आजभन्दा २६०० वर्ष अघि बुद्धकालिन समाज अत्यन्तै अस्त व्यस्त, तीव्र जातीय भेदभाव, अपराध एवं नैतिक ऱ्हास तथा मिथ्यादृष्टिले व्याप्त थियो । महिला शोषण एवं दास/दासिको रूपमा मानव बेचबिखन व्याप्त रही मानव जीवनको दारूणिक अवस्था चरम उत्कर्षमा रहेको थियो (उपाध्याय, इ.सं. १९४६) । गरिब र धनीको रूपमा मानव समाज विभाजित रही आर्थिक असमानताको स्थिति जर्जर रहेको थियो । यस्तो बिषम तथा विसंगतिपूर्ण मानव समाजमा सुखमय जीवन निर्वाहको लागि राज्य एवं बैयक्तिक रूपले गर्नुपर्ने आर्थिक कर्तव्य तथा त्यससँग सम्बन्धित क्रियाकलापको बारेमा बुद्धद्वारा देशना गरेको प्रसङ्ग त्रिपिटकमा भेटिन्छ ।

शाक्यमुनि बुद्धद्वारा बुद्धत्व लाभ पश्चात् अरहत लाभ ६१ जना भिक्षुहरू संघमा आवद्ध भएसँगै बुद्धबाट चरथ भिक्खवे चारिकको सम्बोधन गर्दै बहुजन हिताय, बहुजन सुखायको लागि ४५ वर्षसम्म अनरवत रूपमा धर्म देशना भयो । यसै क्रममा बुद्ध शिक्षामा विभिन्न प्रसंग तथा घटनाक्रममा गृहस्थी जीवनमा मानिसको नैतिक चारित्रिक परिशुद्धतासहित आर्थिक पक्षको व्यवस्थापन तथा महत्व जोडी धर्मदेशना भएको देखिन्छ । मानवको दुःख मुक्तिको सवालमा सम्बन्धित आर्थिक, सामाजिक, राजनैतिक पक्षको साथै नैतिक आचरण परिशुद्धतालाई

जोड दिएर धर्मदेशना दिने क्रममा मानिसको आधारभूत आवश्यकताको रूपमा गाँस, वास र कपासको परिपूर्ति पश्चात् सम्पत्तिको उत्थान गर्ने क्रममा आफ्नो स्वार्थपूर्तिमा अरूको हानि तथा नोक्सान गर्नु अपराधको रूपमा परिणत हुने र सोको प्रतिफल भोग्नु पर्ने उल्लेख गरिएको छ । यसरी गृहस्थी जीवनमा सम्पत्तिको उत्थानसहित मानव जीवन सुखमय रहनको लागि आर्थिक सवलताले जीवनयापनमा आइपर्ने विविध आवश्यकता परिपूर्तिको लागि सहज गर्न प्रमुख भूमिका निर्वाह गर्ने प्रसंग जोडी शीलको पालना गर्दै कुशल मार्गमा जीवनलाई दोहऱ्याउनु नै बुद्ध शिक्षाको परम महत्व रहेको यथार्थता जगजाहेर भएको सन्दर्भमा म/मेरो भन्ने अहम् तथा स्वार्थी मानसिकतालाई परित्याग गरी काय, वचन र मनले सत्त्व प्राणी प्रतिको करूणा भावलाई बढाउँदै नैतिक रूपले पनि स्थापित हुनुको विकल्प छैन । गृहस्थी जीवनचर्याको प्रमुख पक्ष रहेको आर्थिक क्रियाकलापमा नैतिक आचरण कायम गर्न शीलको पालना, सम्यक आजिविका, कुशल कर्म ग्रहणको साथै हिरी र ओतप्पको भावनाले ओतप्रत रही सीप र दक्षताले सम्पन भई व्यवसाय गर्नु पर्ने हुन्छ । नैतिक आचरण कायम गरी आफ्नो आर्थिक क्रियाकलापबाट अरूप्रति हानि नोक्सान नपुऱ्याई अर्थोपार्जन गरी जीवनका आवश्यकता परिपूर्ति गरिनुको साथै सही रूपले आर्थिक सम्पतिको उपभोग गर्न सकिएमा जीवन आनन्दमयी तथा सुखी रहने तथ्य बुद्ध शिक्षामा पाइन्छ ।

तसर्थ यस लेखबाट २६०० वर्ष अघिको समाज तथा राज्य (जनपद, महाजनपद, नगर, महानगर) मा आर्थिक पक्षसँग सम्बन्धित विषयमा बुद्धद्वारा देशित उपदेशबाट व्यक्तिगत जीवन एवं राष्ट्र तथा समाजको उत्थान तथा समृद्धिको लागि वर्तमान परिवेशमा पनि उतिकै सान्दर्भिक उपयोगी तथा महत्त्व रहेको छ भने अध्ययन गर्नु आवश्यक देखिन्छ । म/मेरो भनी मनुष्यको क्षणिक स्वार्थको कारण वर्तमान विश्वमा मानवसिर्जित अनेकौं विसंगति तथा विकृतिले विकरालपूर्ण परिस्थिति निम्त्याईरहेको अवस्थामा २६०० वर्ष अगाडि शाक्यमुनि बुद्धद्वारा देशित राजनैतिक, आर्थिक, सामाजिक नैतिक क्षेत्रसँग सम्बन्धित थुप्रै धर्मदेशनामध्ये मानिसको नैतिक तथा चारित्रिक परिशुद्धतासहित आर्थिक पक्षको व्यवस्थापन तथा महत्वमाथिको धर्मदेशना वर्तमान घडिमा समेत अत्यन्तै गहकिलो तथा ग्रहणशील छ । मानिसको जीवन चर्याको हरेक पक्षमा आर्थिक पक्ष जोडिने र सोको सवलताले जीवनमा आईपर्ने समस्याको समाधान पनि सहज हुनुको साथै इज्जत तथा मानप्रतिस्था पनि रहने हुनाले नैतिक तथा चारित्रिक परिशुद्धतासहितको सम्यकपूर्वक व्यवसाय गरी आर्थिक पक्षको सवलता कायम गर्न सकेमा मानवसिर्जित सबै प्रकारका विसंगति तथा विकृतिको निर्मूल हुने वास्तविकतालाई हृदयगंम गर्नको खातिर यसको महत्व एवं सान्दर्भिकताको अपरिहार्यता महसुस हुनुको अलावा व्यवहारमा नै उतार्न सकेमा व्यक्ति, समाजको साथै राष्ट्र समेत सुखी, समृद्ध तथा आनन्द हुन्छ भने यथार्थता प्रकाश पार्नु नै यस लेखको उद्देश्य रहेको छ ।

## अनुसन्धान विधि

यो लेखमा विवरणात्मक, गुणात्मक तथा विश्लेषणात्मक विधिलाई अपनाएको छ । यस अध्ययनको लागि प्राथमिक स्रोतको रूपमा पालि साहित्यका नेपाली अनुवाद पुस्तकहरूको अध्ययनबाट प्राप्त सूचनाहरू र द्वितीय स्रोतको रूपमा बुद्ध शिक्षा तथा आर्थिक पक्षसँग सम्बन्धित लेख/रचना, पुस्तकहरूको तथ्याङ्कहरू रहेका छन ।

## विषय प्रवेश

मानव सभ्यताको विकाससँगै सम्पत्तिको सञ्चय गर्ने प्रणालीको पनि सँगसँगै विकास भएका देखिन्छ । मानव मानव बीचमा हुने र नहुने, धनी र गरिवको रूपमा समाजमा आर्थिक तहहरू देखिन थालेसँगै वैयक्तिक रूपमा जीवनयापनको साधन नै आर्थिक पक्षमा केन्द्रित हुन थाल्यो । जो आर्थिक रूपले सम्पन्न हुन्छ उसको आवश्यकता परिपूर्ति सहज भई जीवनशैली तथा सेवा, सुविधा पनि विस्तार भई समाजमा उच्च वर्गमा परिणत भयो भने आर्थिक रूपमा कमजोर व्यक्तिको जीवनचर्या दयनीय हुन थाल्यो । त्यस प्रकारले मानवबीचमा जीवनशैली या जिउने प्रवृति/चर्या आर्थिक क्षमताको आधारमा रूपान्तरण भई पशु र मालिकको रूपमा समाजमा प्रष्ट रूपमा चित्र देखा पर्न थाले । सम्पन्न व्यक्ति मालिक र गरिव व्यक्ति बाँच्नको लागि अरूको नोकर वा दास बन्नु पर्ने कमजोर अवस्था सृजना भयो । मानवबीचमा नै दासहरू मानवको रूपमा नभई बस्तु

वा सामानको रूपमा बेचबिखन हुन थाल्यो । यसै सन्दर्भमा बुद्धकालिन समाजमा दासप्रथाको जगजग्गीको अवस्थाको उदाहरणको रूपमा जीवक वैद्य र विशाखा (मिगारमाता)को प्रसंग उल्लेख गर्नु उपयुक्त देखिन्छ । जीवक कुमारभृत्य (जीवक वैद्य), जो बाबुको ठेगान नभएर राजा बिम्बिसारका गणिका सालवतिले आफू गर्भवति हुँदा समेत गोप्य राखी पछि छोरा पाएकोले पाल्न गाऱ्हो हुने महसुस गरी जन्मे लगतै दासीमार्फत् फाल्न लगाएका थिए । जीवक वैद्यले तक्षशिलामा औषधि विज्ञान विषयमा अध्ययन गरी फर्कने क्रममा साकेत नगरमा सेठकी भार्यालाई ७ वर्षदेखि टाउको दुखेको रोग निको पारे वापत १६ हजार नगद, दासदासी तथा अश्वरथसहित जीवक वैद्यले प्राप्त गरेको उल्लेख छ (भिक्षु अमृतानन्द, बु.सं. २५१६) । मगध राज्यमा भएका पाँच अमृतयोगी कुबेरपतिहरूमध्ये सर्वश्रेष्ठ मेण्दक श्रेष्ठीका छोरा धनन्जय सेठकी छोरी विशाखा (मिगारमाता) को बिहेमा दाइजोको रूपमा बिशाखाको सेवा टहल गर्न प्रत्येक रथमा सर्वालंकारद्वारा प्रतिमुन्दित ३/३ दासीहरू राखी ५०० रथहरू दिएका थिए (भिक्षु अमृतानन्द बु.सं. २५१७) । त्यसैगरी एकदिन बुद्ध भद्रमति नगरमा विहार गर्दाको खवर प्राप्त भएसँगै मेण्दक श्रेष्ठीले नातिनी विशाखालाई बुद्धको स्वागतार्थ ५०० बालिका, ५०० रथहरूमा वति र ५०० दासीहरूसहित पठाएको उल्लेख छ (भिक्षु अमृतानन्द, बु.सं. २५१७) २६०० वर्ष अघिको बुद्धकालिन समाजको आर्थिक असमानताको कारण मानिसको जीवन पद्धति अत्यन्तै अस्तव्यस्त तथा असमानताले ग्रस्त तथा जनजीवन भयाबह रहेको पुष्टि हुन्छ । त्यहि क्रममा बुद्धद्वारा समायनुकुल घटनाक्रमलाई जोडदै तत्कालिन राज्य, समाज एवं व्यक्तिहरूलाई धर्मदेशना दिएका थिए । यसै प्रसंगमा मानव मात्रको जीवन पद्धतिमा आर्थिक पक्षको महत्व एवं दायित्वसँग सम्बन्धित विविध प्रसंगसहितको व्याख्या र विश्लेषण गरिएको बुद्ध शिक्षाको उपादेयता वर्तमान सन्दर्भमा पनि प्रगाढ बन्दै गइरहेको छ । अतः गृहस्थी जीवनमा आर्थिक पक्षको महत्वलाई देहाय बमोजिम विश्लेषण गरिएको छ ।

**आर्थिक पक्षमा राज्यको दायित्व**

गरिवी नै देशको शासनमा आई पर्ने प्रमुख चुनौति हो । यसैको कारण सबै प्रकारका हत्या, चोरी, ठगी, चुकली जस्ता अपराधजन्य क्रियाकलाप बढ्ने यथार्थता झल्काएको छ भने सजाय वा कठोर दण्डले गरिवी तथा अपराधजन्य क्रियाकलाप नियन्त्रण नहुने झन उल्टो सजाय र दण्डको सामना गर्न अनेक प्रकारका अर्को गलत क्रियाकलाप हुने प्रवृत्तिलाई संकेत गरी चक्कवत्ति सिंहनाद सुत्तमा राज्यमा सुव्यवस्था कायम गरी जनताको जीवनलाई सुखी र आनन्द बनाउन सबै प्रकारका अपराध, अनैतिकता, दूराचार जस्ता गलत क्रियाकलाप नियन्त्रण गर्न गरिब जनतालाई धन दिएर उचित काममा लाउनु पर्दछ (बज्राचार्य, वि.सं. २०६८) अन्यथा देशमा कलह सिर्जना भई भयानक परिणामप्रति तस्वीर देखाएको छ । यसै प्रसंगमा “यसरी राजाले गरिव (निर्धनी) हरूलाई धन नदिएको कारण दरिद्रता बढ्यो । फलस्वरूप क्रमिक रूपमा दरिद्रता बढेको कारण चोरी काम बढ्यो, चोरी काम बढेको कारण हातहतियार बढ्यो, हातहतियार बढेको कारण प्राणी हिंसा बढ्यो, प्राणी हिंसा बढेको कारण झुट्टा कुरा गर्ने बढ्यो, झुट्टा कुरा गर्ने बढेको कारण चुक्ली बढ्यो, चुक्ली बढेको कारण दूराचार बढ्यो, दूराचार बढेको कारण दुईवटा कुरा बढ्यो– कठोर वचन र निरर्थक प्रलाप । यी दुई कुरा बढेपछि अभिध्या (लोभ) र व्यापाद बढ्यो, अभिध्या र व्यापाद बढेपछि मिथ्यादृष्टि बढ्यो, मिथ्यादृष्टि बढेपछि तीनवटा कुरा बढ्यो- अधर्म राग, अनुचित लोभ र मिथ्या धर्म । यी तीन कुरा बढेपछि आमा-बुवा, श्रमण, ब्राम्हण तथा परिवारका जेष्ठजनप्रति गौरवको अभाव भयो । यति कुरा बढेपछि सत्त्व प्राणीहरूको आयु र वर्ण पनि घटे” (बज्राचार्य, वि.सं. २०६८) ।

राज्यमा चक्रवर्ती राजाले गरिवी निवारणलाई प्रमुख स्थान नदिई शील भङ्ग गर्दै गएमा आयु र वर्ण क्रमिक रूपमा घट्दै १० वर्षमा झर्ने अनि त्यस अवस्थामा राज्यमा चरम अपराध, दूराचार बढ्ने उल्लेख गरिएको छ । मानव जीवन र पशुपक्षीको जीवनमा केही फरक नहुने र एक अर्काप्रति तिव्र दुर्भावना, तिव्र काटमार, तीव्र व्यापाद (प्रतिहिंसा) तीव्र आधार (क्रोध) गर्ने चितका हुनेछ । आमा-बाबु, भाई-बहिनी, जेष्ठजन जस्ता सबैको मान मर्यादा एवम् नाता समेतको अन्त हुने दारूण चित्रण गरिएको छ ।

धर्मको नाममा अनावश्यक रूपमा प्राणी हिंसा, अन्न/धानको नाश हुने गरी यज्ञ गर्नुभन्दा जनताका लागि रोजगारी सिर्जना, किसानको लागि बीऊ र भात, कर्मचारीको लागि तलवको व्यवस्था गर्न सकेमा देशमा चोरी, डकैती, हिंसा तथा अपराधजन्य क्रियाकलापको निर्मूल भई देशमा जनता तथा राजा दुवैको हित सुख हुने र कुनै डर, त्रास नमानि बच्चाहरूलाई खेलाएर घरका ढोकामा ताला पनि लाउनु नपर्ने भनी कुटदन्त सुत्तमा उल्लेख गरिएको छ। यस सुत्तमा अनावश्यक खर्च तथा हिंसा गरी धन खर्च गर्दैमा पुण्य वृद्धि नहुने वास्तविकतालाई प्रस्त्याएको छ (बज्राचार्य, वि.सं. २०६८)।

### आर्थिक उपार्जनमा नैतिक आचरण (शील)को पालना

मानव जीवनमा आईपर्ने अधिकांश समस्याहरूको समाधान एवं सफल जीवन निर्वाहका लागि आर्थिक सवलताको भूमिका अत्यधिक प्रवल हुने भएकोले सोको प्राप्ति नै मूलध्येय राखी हुने/नहुने, वैध/अवैध, नैतिक/अनैतिक परवाह नगरी अर्थ संकलन गर्नु बुद्ध शिक्षामा ग्राह्य छैन। बुद्ध शिक्षामा सार्थक मानव जीवनको लागि नैतिक आचरण वा शीलको ठूलो महत्व रहेको हुन्छ। तसर्थ जीवनलाई सहज र सुखमयी बनाउनु नै गृहस्थी जीवनको सुन्दर पक्ष रहेको कारण आर्थिक उन्नतिको खातिर गरिने क्रियाकलाप वा व्यवसाय अवलम्वनमा शीलको पालना गर्नु जीवनको प्रमुख कर्तव्य हुन आउँछ। कर्म अनुरूप फल पाउने भएबाट राम्रो काम गरी राम्रो फल प्राप्तिको लागि देहायको शीलको पालना गर्दै अर्थोपार्जनका क्रियाकलाप गर्नु बुद्ध शिक्षाको न्युनतम आधार हो।

### क) सम्यक आजिविका ग्रहण

मानिसले गृहस्थी जीवनमा बाँच्नको लागि अर्थोपार्जन कार्य गर्नुपर्ने भएबाट आफ्नो जनजीवन निर्वाहको लागि अरूलाई हानि तथा नोक्सानी नहुने गरी व्यवसाय वा काम वा उद्योग व्यापारधन्दा सञ्चालन गरी जीवनयापनका आवश्यकता परिपूर्ति गर्नुपर्छ भनी बुद्ध शिक्षाले निम्न पाँचवटा बुँदालाई कडाईका साथ पालना गर्नुपर्छ भनी उल्लेख गरेको छ। जसलाई सम्यक आजीविका भनिन्छ। तसर्थ निम्न ५ वटा व्यापार गर्नु उपासकको निम्ति अनुचित हुन्छ भनी वणिज्जा सुत्तमा उल्लेख गरिएको छ (भिक्षु बोधिसेन महास्थविर, वि.सं. २०७२)– १. शस्त्रको व्यापार २. सत्वजीवको व्यापार ३. मासुको व्यापार ४. मद्यको व्यापार ५. विषको व्यापार।

जीविकोपार्जनका लागि आर्थिक तथा सम्पत्ति जोहको खातिर व्यवसाय अपनाउँदा प्रत्यक्ष वा अप्रत्यक्ष ढंगबाट अरू सत्व प्राणीमाथि हानि वा नोक्सान हुने कार्य गर्नु अपराध ठहर्छ। त्यस प्रकारको अपराधजन्य कार्यबाट जीविकोपार्जन गर्नु भनेको मिथ्या आजिविका हो। यस संसारमा अस्तित्वमा रहेका प्राणीहरूमा सर्वश्रेष्ठ प्राणी भएकोले मनुष्य भएर जन्मनु नै दुलर्भ मानिन्छ (बज्राचार्य वि.सं. २०५८)। अतः मानिस भएर जन्म लिएपछि सुगतिसहित निर्माण पथमा अघि बढनु नै दुःख मुक्तिको बाटो भएकोले आफ्नो जीविका निर्वाहको लागि आवश्यक आर्थिक क्रियाकलापबाट अरूको हानि/नोक्सानी नहुने गरी श्रममा विश्वास भई दत्तचित्त भएर कार्य गर्नुपर्छ ताकि ठगेर, लुटेर, मारेर, चोरेर आवश्यकता पूर्ति गर्नु भनेको दुर्गति मार्गमा लम्कनु हो।

### ख) पञ्चशीलको पालना

गृहस्थीबाट जीवनको पांग्रालाई अघि बढाउने क्रममा नैतिकता पनि स्थापित गर्नुपर्ने भएबाट नैतिकवान मनुष्य भएर बाँच्नको लागि निम्न पाँच बुँदा अनिवार्य रूपले पालना गर्नुपर्ने आधार बुद्ध शिक्षाले दिएको छ। गृहस्थीहरूको आचरण परिशुद्धको लागि नभई नहुने वारित्रशीलको रूपमा पञ्चशीललाई लिएको छ। यसको पालना गर्नु मानवको न्यूनतम व्यवहार हो। महानाम सुत्तमा उपासकबाट पञ्चशीलको पालना भएमा शील सम्पन्न हुन्छ भनी धम्मदेशना दिएको थियो (बज्राचार्य, वि.सं. २०५५)।

धम्मदेशना गर्ने क्रममा पञ्चशीललाई वारित्रशील, पञ्चशील, पञ्च शिक्षापद, चक्रवर्ति नियम, गरूधम्म, आर्यधम्म, गृहस्थशील, नित्यशील, आर्यकान्तशीलको नामबाट सम्बोधन गरिएको प्रसंग त्रिपिटकमा पाइन्छ। अतः सबैले सबैको हितमा आधारित पञ्चशीलबारे पञ्चशील सुत्तमा निम्नअनुसार उल्लेख गरिएका छन् (बज्राचार्य,

वि.सं. २०५५)– १.प्राणी हिंसाबाट विरत हुने २. नदिएको नलिने (चोरी ठगीबाट अलग हुने) ३. व्यभिचारबाट अलग हुने ४. झूठ्ठो कुराबाट अलग हुने ५. सुरापान आदि नशालु पदार्थबाट अलग हुने ।

**१. प्राणी हिंसाबाट विरत हुने**

संसारमा रहेका सबै सत्व प्राणीहरूको हत्या नगर्ने भनी प्रण गरी कुनै प्रकारको हत्या हिंसा वा त्यससँग सम्बन्धित सबै प्रकारका चोट तथा आघातलाई निषेध गरिएको हुन्छ । मानव जीवनमा कसैलाई चोट पुऱ्याउनु, अपमान गर्नु, गाली गर्नु, कुटनु जस्ता द्वेषपूर्ण कार्यहरूबाट अगल हुने आचरण पनि यो शीलको पालना गर्नु हो । नरिसाउने, खराब इच्छा नहुने, द्वेष तथा अरूप्रति वैरभाव नहुनु जस्ता अक्रोधको आचरणले सुसम्पन्न हुनु नै पञ्चशीलको पहिलो शीलको पूर्णपालना हो । यस शीलले सबै सत्त्व प्राणी प्रति मैत्री भावना तथा करूणा जगाउँछ ।

**२. नदिएको नलिने (चोरी, ठगीबाट अलग हुने)**

अर्काको कुनै पनि प्रकारको वस्तु वा सम्पतिप्रति लोभरहित जीवन जीउनु नै यसको पालना गर्नु हो । अर्काको धन, सम्पत्ती वा वस्तुको चोरी नगर्ने, ठगी नगर्ने, करकाप वा जबरजस्तीपूर्ण ढंगले कब्जा नगर्ने वा लुटने तथा डकैटीजन्य क्रियाकलापबाट टाढा बस्ने, घुस नलिने जस्ता पक्षहरू यस शीलमा अन्तरनिहित हुन्छ । यस अर्थमा लोभलाई त्याग गरी अर्काको सम्पत्तिको अधिकारलाई सम्मान गर्ने पक्ष रहेको छ । यस शील धारणा गर्नेले आफ्नै सीप र श्रममा विश्वास गरी मेहनत तथा नैतिकता र इमान्दारीतालाई उच्च प्राथमिकतामा राखी आत्म निर्भर रहने स्वभावको विकास गर्छ । आफ्नो स्वार्थको लागि अरूलाई हानि, कुभलो या नोक्सान हुने कार्यलाई निस्तेज गरिएको हुन्छ ।

**३. व्यभिचारबाट अलग हुने**

नैतिक मूल्य मान्यता विपरित यौनदूराचार वा यौन अपराधमा संलग्न नहुने शिक्षा पद हो । इन्द्रीयलाई संयम गरिकन कसैप्रति पनि यौन हिंसा, अपराध, दूराचार, बलात्कार जस्ता क्रियाकलाप नगर्ने नै यो शीलको पक्ष हो । यस शीलको पालनाले लैगिक सद्भाव तथा सम्मानको पालना गर्न तथा यौनजन्य गलत क्रियाकलापमा नलागी आदर्श नैतिक चरित्र स्थापित गर्न प्रेरित गरिएको हुन्छ । आर्थिक सम्पतिलाई नष्ट गर्ने प्रमुख कारण मध्ये परपुरूष तथा परस्त्री गमन गर्ने व्यभिचार प्रवृति पनि एक हो ।

**४. झूठ्ठो कुराबाट अलग हुने**

आफ्नो स्वार्थ परिपूर्तिको लागि बनि बुनाई अर्काको हानि हुने गरी झुठ्ठो कुरा गर्ने प्रवृत्तिलाई निस्तेज गरिएको यस शीलको पालनाले समाजमा विश्वास, मैत्री, सद्भाव कायम हुन्छ । यस शिक्षाले अर्काको चुकली गर्ने, कडा बचन बोल्ने, अनावश्यक कुरा गरी समय बिताउने जस्ता झुठ्ठो कुरा बोल्ने प्रवृत्ति एवं क्रियाकलापलाई पूर्णरूपले निषेध गरिएको हुन्छ । सत्य, न्याय र यथार्थलाई स्थापित गरिएको हुन्छ । यसको पालनाले अर्काको हानि हुने कुनै प्रकारको झुठ्ठा एवं गलत नियतबाट हुने कार्यलाई पूर्णरूपले वर्जित गरिएको हुन्छ । कसैलाई झुक्याउने, झुलाउने, डुबाउने, ठग्ने, विगार्ने गलत सल्लाह दिने जस्ता कार्यहरू हुँदैन ।

**५. सुरापान आदि नशालु पदार्थबाट अलग हुने**

आफ्नो इन्द्रियलाई असन्तुलन, बेहोस तथा असंयमित पारी नैतिक, शारीरिक, सामाजिक तथा आर्थिक पक्षमा समेत ह्रास ल्याउने क्रियाकलापलाई उत्प्रेरित गर्ने यस प्रकारको मादक पदार्थको सेवनलाई निषेध गर्नु यसको उद्देश्य हो । मनलाई स्पष्टरूपले संयम राख्नु पर्दछ भन्ने यसको मर्म हो ।

पञ्चशील ग्रहण गर्ने शिक्षालाई जीवनको हरेक पलमा लागू गर्न सकेमा समाजमा मैत्री, करूणा जाग्छ । कुनै प्रकारको चोरी, ठगी, डकैति, लुटपाट झै-झगडा, हुलदंगा, हिंसा, बलात्कारजन्य घटना हुँदैन । आफ्नो फाइदाको लागि झूठ्ठो खेती तथा चुकलीको गन्ध नै रहन्न र समाजमा नैतिक ह्रास ल्याउने मादक पदार्थको प्रयोग नै हुँदैन । आर्थिक पक्षलाई हरेक कोणबाट ह्रास ल्याउने प्रमुख कारणमध्ये सुरापानको अत्यधिक प्रयोग पनि हो ।

पञ्चशीलको ग्रहणले घुसखोरी, ठगी धन्दा मारकाट, चोरी डकैति लुटपाट बलात्कार जस्ता अपराध र भ्रष्टाचारबाट मुक्त नैतिक सुचरित्रले परिपूर्ण मानव सभ्यताको उच्च स्थानमा रहेको सुन्दर शान्त समाजको निर्माण हुन्छ। नैतिक सुचरित्र स्थापित गरी सीप र श्रममा विश्वास गरी मेहनती भएर जीवन जिउनु पर्दछ भनि पञ्चशील पालनाले उत्प्रेरित गर्दछ। देश तथा राज्यमा विश्वास, मैत्री तथा करूणा फैलिन्छ। साथै यसबाट पाँच सकारात्मक परिणाम र फल वा आनृशंस (गुण) प्राप्त हुन्छ। शील सम्पन्न व्यक्तिहरूको आनिशृंस यसप्रकार छ– १. ठूलो भोग सम्पत्ति लाभ हुन्छ। २. कल्याण कीर्ति शब्द फैलिन्छ। ३. जुनसुकै ठाउँमा गए पनि विशारद भई चुप नलागि उपस्थिति हुन्छ, निर्भिक हुन्छ। ४. संमूस भई मृत्यु हुन्छ (होसपूर्वक मृत्यु हुन्छ)। ५. मृत्युपछि स्वर्ग लोकमा उत्पन्न हुन्छ (बज्राचार्य, वि.सं. २०५६)।

“शीलवान वा शील सम्पन्न व्यक्तिहरू भएमा समाज वा राष्ट्र सभ्य, सुसस्कृत, शान्त, आनन्ददायी भई जनताको जीवन सुन्दर र सहज हुन्छ। जीवनमा शीलरहित भएर सय वर्ष बाँच्नुभन्दा शीलवान भएर एकदिन बाँच्नु अति उत्तम हुन्छ” (बज्राचार्य, वि.सं. २०५८) र जीवन सार्थक हुन्छ।

जसले अरूलाई मारेर चोरेर लुटेर ठगेर झक्याएर तर्साएर वा झुट्ठो बोलेर सम्पत्ति हनन गर्छ, त्यस व्यक्तिलाई निच (बसल) भनेको छ। तसर्थ मानिस जातले होइन कर्मले उच्च र निच हुन्छ भनी वसल सुत्तमा उल्लेख गरिएको छ (बज्राचार्य, वि.सं.२०७०)। कर्मलाई जोड दिएर श्रममा विश्वास गरी शिल्प विद्यामा पारंगत भएर शीलवान भई नैतिक धरातलमा उभी व्यवसाय गरी जीवन निर्वाह गर्नुपर्नेमा जोड दिएको छ।

### ग) हिरी र ओतप्प

मनुष्यको चेतनास्तरबाट आफ्नो स्वार्थ पूर्तिको लागि अरूमाथि घाट गर्ने प्रवृत्ति हावि रहेको सन्दर्भमा काय, वचन र मनबाट नै त्यस प्रकारको दुष्कर्म कार्यमा भय (डर मान्ने) लाई ओतप्प भनिन्छ (भिक्षु वोधिसेन महास्थविर, वि.सं २०६७)। त्यसै गरी काय, वचन र मनबाट नै दुष्कर्म कार्य वा अकुशल कार्य गर्नमा लज्जा (लाज हुनु) लाई हिरी भनिन्छ (भिक्षु वोधिसेन महास्थविर, वि.सं २०६७)।

आफ्नो जिविका निर्वाहको लागि काय, वाक तथा मनबाट अर्काको हानि वा नोक्सानी गर्नु अकुशल कार्य हो। त्यस प्रकारको दुशिल तथा दुष्कर्म गर्नु भनेको पाप हो। जीविकोपार्जनको सन्दर्भमा आर्थिक पक्षको सवलता हासिल गर्ने अर्थमा हिरी र ओतप्पको ख्याल गरेमा धन हुनुको गर्भ तथा शान उच्च रहनुका साथै “जोसँग यी हिरी र ओतप्प जस्ता गुण हुन्छ उ दरिद्र हुँदैन र जीवन सफल हुन्छ” (भिक्षु वोधिसेन महास्थविर, वि.सं २०६७)। त्यसै गरी लाज र (पाप) भिरू सम्पन्न भई यी सबैमा गौरभ गर्ने हुन्छ भने उ पतन हुनु भनेको असम्भव हो। अनि निर्वाणको नजिक पुग्ने हुन्छ (भिक्षु वोधिसेन महास्थविर, वि.सं २०६७)। सप्त आर्यधन तथा बुद्ध गुणका १५ आचरणमध्येको हिरी र ओतप्पले युक्त स्वभाव तथा व्यवहारद्वारा आर्जित धनमा गौरव तथा शान रहनुका साथै सो धनको आर्जनबाट कहिले पश्चाताप गर्नु पर्दैन। जीवन जीउन गरिने आर्थिक क्रियाकलाप हिरी र ओतप्प भएमा समाजमा विश्वास रही अनैतिक कार्यको दुर्गग्ध समेत रहँदैन।

### घ) कुशल कर्म

मानिसले आफ्नो र अरूको हानि नगरी हित चिताएर काम, व्यवहार वा आचरण गर्ने कार्यलाई नै कुशल कर्म भनिन्छ। मन, वचन र शरीरद्वारा अरूको र आफ्नो पनि हित र सुखको लागि हृदयदेखि कुनै स्वार्थ तथा बदलाको इच्छा नराखी गरिने कार्य हो। कुशल कार्यले समाज र सिङ्गै देश र जगतको नै भलो हुन्छ। जसले नैतिकता स्थापित गर्छ।

बुद्ध शिक्षाको केन्द्रबिन्दु नै कर्म र विपाक हुन। जीवनमा गरीने कुशल वा अकुशल कर्मको फल भोग्नु नै पर्दछ। शीलको पालना गरी कुशल मार्गमा अघि बढन सकेमा सुगतिसहित निर्वाण प्राप्तिको नजिक पुगिन्छ भने अकुशल कार्य गरेमा सोहीअनुरूप फल भोग्नु पर्ने हुन्छ। जुन फल अपाय गतिमा पतन भई दुःख चक्रमा घुमिरहनु पर्ने हुन्छ। अतः आफनो जीवन चर्यामा पनि जिविकाको लागि सम्यक आजिविका, पञ्चशील लगायत निम्न दश कुशल कर्म वा आचरणको पालना गर्नु पर्दछ। यसर्थ आर्थिक क्रियाकलापमा समेत देहायका कुशल कर्मलाई

मध्यनजर राखी कर्म सम्पतिको रूपमा ग्रहण गरी गृहस्थी जीवनलाई सार्थक बनाउनु नै बुद्ध शिक्षाका मर्म रहेको छ। कुशल कर्मलाई निम्नलिखित १० वटा कार्य वा आचरण भनिएको छ (बज्राचार्य, वि.सं. २०५४)– १. प्राणी हिंसाबाट अलग हुने। २. नदिएको नलिने जसमा चोरी, ठगी, छलकपट, लुटपाट आदि नगर्ने। ३. व्यभिचारबाट बिरत हुने। ४. झूठ्ठो नबोल्ने। ५. चुकली नगर्ने। ६. कडा बचन नबोल्ने। ७. अनावश्यक कुरा नगर्ने। ८. लोभ नगर्ने। ९. व्यापाद (द्वेष) नराख्ने। १०. अविद्या हटाउने वा सम्यक दृष्टि हुनु। त्यसै गरी कुशल कर्मको ठीक विपरित गरिने कार्य तथा व्यवहारलाई अकुशल कर्म भनिन्छ। जसले आफू र अरूको पनि हानि हुन्छ। अनि दुःख निम्त्याउँछ।

**आर्थिक उपार्जनमा सीपको महत्व**

मानव जीवनचर्यामा आउने आर्थिक पक्षको सवलताले जीवनलाई हरेक कोणबाट सफल बनाउन मद्दत हुने भएकोले यसको सही सदुपयोगबाट जीवन सहज भई इज्जत र प्रतिस्थामा पनि वृद्धि हुन गई आनन्दी तथा सुखीमय रहन्छ। आफूलाई दक्ष तथा सीप सम्पन तुल्याउन सकिएमा सहज ढंगले नै काम पाई आर्थिक उन्नति गर्न सकिने भएकोले निरालसी तथा मेहनति भई सम्यक आजिविका ग्रहण गरी जीवनयापन गर्नुपर्ने शिक्षा बुद्ध शासनमा उल्लेख्य भेटिन्छ।

बुद्धकालिन समाजमा व्याप्त विसंगति तथा विकृतिले जगडिएको समाजमा कल्याण आकांक्षासहितको मंगल कर्मकार्यको बारेमा धेरै नै बहस भइरहेको सन्दर्भमा सो बहस बुद्ध समक्ष पुगेपछि बुद्धले ३८ वटा मंगल कार्य गरेमा सर्वत्र अपराजित भई सर्वत्र कल्याण हुनेछ भनी बताएकोमध्ये बहुश्रुत हुने, शील्प विद्यामा पारंगत हुनु मंगल कार्य हुनु भनी मंगल सुत्तमा उल्लेख गरिएको छ (बज्राचार्य, वि.सं. २०७०)।

त्यसै गरी छोराछोरीको जीवन सुखमय होस भनी आमाबाबुले उनीहरूलाई सीप सिकाउनु पर्छ भनी सिगालोवाद सुत्तमा उल्लेख गरेको पाइन्छ (बज्राचार्य, वि.सं. २०५६)।

जनसन्ध बोधिसत्व राजा भएपछि एक दिन पूर्णिमाको उपोसथको दिनमा उपोसथव्रत धारणा गरी जनताको कल्याणको लागि १० वटा कर्तव्य पालना गर्नुपर्ने धर्म देशना भएको थियो। जसमध्ये कुनै पनि व्यक्तिले समयमा नै गर्नुपर्ने काम वा सम्पत्ति आर्जन नगरेमा कामबाट बञ्चित भएमा पश्चाताप गर्नुपर्ने हुन्छ भनी पहिलो बुँदामा उल्लेख गरेको छ। त्यसै गरी समयमा नै सामर्थ हुँदा सीप दक्षता विकास गर्न सकेन भने पश्चाताप गर्नु पर्ने हुन्छ भनी दोस्रो बुँदामा उल्लेख गरेको छ। शाक्यमुनि बुद्धको पूर्व जन्मको बारेमा उल्लेख गरेको धर्म देशना ( जातक) जनसन्ध जातककथामा सीपलाई जोड दिइएको पाइन्छ (बज्राचार्य, वि.सं. २०६८)।

जसोतसो शिल्प सिकेकाले राजाको बोलावटमा शिल्पविद्याको उपयोग गरी राजाको इच्छापूर्ण गरेपश्चात् राजाबाट कुँवेदेले चारै दिशाको लाखौं आम्दानी हुने गाउँ उपहार पाएको उल्लेख सालितक जातकमा पाइन्छ ( बज्राचार्य, वि.सं. २०६८)।

राज्यमा अपराधको मूल जड नै आर्थिक विपन्नता वा गरिवि भएको कारण अपराधिलाई दण्ड दिएर अपराध नियन्त्रण नहुने चक्कवत्ति सिंहनाद सुत्तमा उल्लेख गरिएको छ (बज्राचार्य, वि.सं. २०५६)। जति दण्ड दियो उत्तिनै नयाँ प्रकारले अपराधको जुक्ति अपनाई अर्कै ढंगले अपराध गर्दछ। अपराधिलाई उचित सीपको ज्ञान दिएर राज्यले आर्थिक लगानी गरी रोजगारी सृजना गर्नुपर्ने उल्लेख गरेको पाइन्छ। सीपको ज्ञानसहित आर्थिक अनुदानसमेत राज्यबाट भई उचित तवरले रोजगारी सृजना गरी कुशल धर्म ग्रहणसहित आर्थिक व्यवसायमा व्यस्त गर्न सकेमा गरिवी निवारणको साथै अपराध गर्ने समय सोच वा क्रियाकलापको मनस्थिति नै सृजना नहुने ठोकुवा समेत गर्न सकिन्छ। निरालसी भई उचित कार्य गर्नेले मेहनत गरेमा धन लाभ हुन्छ भनी आलवक सुत्तमा उल्लेख गरिएको छ (बज्राचार्य, वि.सं. २०५५)। अल्छि एवं कर्ममा विश्वास नगरी भाग्यवादमा रमाउने गर्दा जीवन दुःखदायी हुने उल्लेख गरी श्रम र सीपसहितको उद्योगमा धैर्यवान भएर लाग्नु पर्ने शिक्षा दिएको पाइन्छ।

त्यस्तै "उद्योगी स्मृतिवान भई शुभकाम राम्रोसंग गरी संयमी भएर धार्मिक जीवन बिताई अप्रमादि हुने व्यक्तिको यस बढछ" । "आलसी उत्साहिन भएर सयौं वर्षसम्म बाँच्नुभन्दा दृढ उद्योगी भएर एक दिन बाँच्नु नै श्रेष्ठ कल्याण हो " भनी श्रम तथा सीप र मेहनतलाई जोड दिइएको छ (मानन्धर, वि.सं.२०८०) ।

शाक्यमुनि बुद्धद्वारा आलवि नगरमा धर्म देशना दिई रहेको बेला एक गरीव श्रद्धालु उपासक भोको पेटमा उपदेश सुन्न आएको प्रसंगमा बुद्धद्वारा भोको मानिसलाई पेट भर्ने गरी भोजन आव्हान गरी उक्त व्यक्तिले भोजन पश्चात् मात्र उपदेश राम्ररी ग्रहण गरेको वर्णन उल्लेख छ । बुद्धद्वारा "भोक जतिको ठूलो रोग अरू छैन, संस्कार (पञ्चस्कन्ध) जतिको ठूलो दुःख अरू छैन" भनी उपदेश दिएको थियो (बज्राचार्य, वि.सं. २०५८) । जीवनको हरेक पक्षमा आर्थिक सवलताको प्रमुख भूमिका रहेको हुन्छ । गरिवीको कारणले भोको पेट रहेकोले धर्म श्रवणमा समेत बाधा पुग्ने यथार्तता औल्याएको छ । आर्थिक पक्ष सवल भए गरीवीको कारणले भोको पेट पाल्नु नपर्ने यसको पाठ रहेको छ । अतः आफूलाई दक्ष तथा सीप सम्पन तुल्याई मेहनत गरी आर्थिक पक्ष सवल बनाउनु पर्नेमा जोड दिएको छ ।

**आर्थिक उपार्जनमा चार सम्पदा**

शाक्यमुनि बुद्धद्वारा एक समय कोलियस्थित ककरपत भन्ने स्थानमा बसिरहेको बेला दीघजानु (ब्यग्घपज्ज) भन्ने गृहस्थीले के गर्दा हामीलाई यस लोक तथा परलोकमा समेत हितकर वा सुखकर हुन्छ भनी सोधेको सम्बन्धमा बुद्धद्वारा निम्न उपदेश दिएका थिए (भिक्षु वोधिसेन महास्थविर, वि.सं २०६८) ।

(क) **उत्थान सम्पदाः** आर्थिक उपार्जन गरी सम्पन्न तथा सुखी जीवनयापनको लागि दक्ष तथा सीपयुक्त भई दृढ पर्यटन तथा सामर्थ्य र फूर्तिवान, आलस्यरहित उपाय कुशल ढंगले दक्षचित्त भएर आफ्नो पेशामा उचित विचार पुऱ्याई व्यवस्थित भएर काम गर्नु पर्दछ । यस प्रकारको कामलाई नै उत्थान सम्पदा भनिन्छ । जसबाट आर्थिक उपार्जनको उत्थान हुन्छ । त्यस प्रकारको काम कृषि, व्यापार धनुविद्या, सरकारी काम, पशुपालन वा अन्य शिल्पद्वारा गरिने कार्य हुन् ।

(ख) **आरक्ष सम्पदाः** आफूले मेहनत गरी परिश्रमबाट पसिना बगाई धर्मअनुसार कमाएको धन सम्पत्ति वा आर्थिक उपार्जनलाई रक्षा गर्नु नै आरक्ष सम्पदा हुन । राजा, चोर, आगो, पानी र खराब सन्तानबाट जोगाउनु पर्ने उल्लेख छ ।

(ग) **कल्याण मित्रः** आफू जुन ठाउँमा बसिन्छ त्यस स्थानका त्यागी, शीलवान, श्रद्धावान तथा प्रज्ञावानसँग सम्बन्ध विस्तार गरी आपसी छलफल, कुराकानीबाट शिक्षा ग्रहण गरी आफू पनि शीलवान, श्रद्धावान, त्यागी, प्रज्ञावान बन्ने मार्गको अवलम्बन गर्ने जीवनको बाटोमा अघि बढनु नै कल्याण मित्रता हो ।

(घ) **समजीविः** आफ्नो आम्दानी, आय वा गच्छेअनुसार खर्च वा व्यय गरी सन्तुलित ढंगले जीवनयापन गर्नु पर्छ । आयभन्दा व्यय बढी गरी मोजमस्ती गरेर जीवन व्यतित गरेमा समाजले कुरा काट्छ । त्यसैगरी आय धेरै भएर पनि निम्नस्तरको जीवन व्यतित गरेर अनाथ झैं भएर जीवनयापन गरेमा पनि समाजले कुरा काट्ने भएकोले आफ्ना हैसियत तथा आय मुताविक नैतिक तथा चरित्रवान भएर ऋण मुक्त भएर जीवन व्यतित गर्नुपर्छ । यस प्रकारको जीवनयापनलाई समजीवी भनिन्छ । उल्लेखित चार सम्पदासहितको बुद्ध शिक्षा वर्तमान घडिमा पनि गृहस्थी जीवनयापनमा उत्तिकै अनुकरणीय रहेको देखिन्छ । चार सम्पदालाई ग्रहण गरी व्यवहारमा उतार्न सकेमा सफल जीवन जिउन सकिन्छ भनी सन्देश दिएको छ ।

**आर्जित सम्पत्तिको उपभोग सम्बन्धमा**

मानिसले जीवनमा आफूसँग भएका आर्थिक सम्पत्तिको सही सञ्चालन गर्न नजानेर या सही रूपमा सदुपयोग गर्न नसकेमा धन सम्पत्ति थुपारेर पनि सुख अनुभुत गर्न सकिरहेका हुदैन । त्यसैगरी धन सम्पत्तिको उचित प्रयोग गरेन भने सो सम्पत्ति नाश हुन्छ । आफूले आर्जन गरेको धन सम्पत्ति तथा पारिश्रमिकलाई देहायबमोजिम

विभाजन गरी व्यवस्थित ढंगले सदुपयोग गर्नुपर्दछ भनी तत्कालिन परिवेशमा बुद्धद्वारा सिंगालोबाद सुत्त देशना भएको थियो (बज्राचार्य, वि.सं. २०५६) ।

(क) खानपिन गर्नको लागि एक भाग (२५%) छुट्याउनु पर्दछ । साथै खानपिनबाट बचेको पैसाले भिक्षु तथा गरिव परिवारलाई दान दिनु पर्दछ भनी कर्तव्यबोधसहित मैत्री तथा करूणा जगाएको छ ।

(ख) आफ्ना कामकाजमा वा उद्योग व्यवसायमा आम्दानीको २ भाग (५०%) लगानी गर्नु पर्दछ । आफ्नो कमाई वा आम्दानीको २ भाग सुरक्षित रूपबाट लगानी गरी थप आम्दानीको व्यवसाय गर्नु जीवनलाई अझ थप उत्साह र उर्जाशिल बनाई सक्रिय राख्नु हो ।

(ग) बाँकी एक भाग अर्थात् (२५%) भोग सम्पत्तिलाई आपत विपतका लागि सुरक्षित (सञ्चित राख्नुपर्दछ) ।

**आर्थिक सम्पत्तिको संरक्षण सम्बन्धमा**

आफूसँग भएका चल तथा अचल सम्पत्ति नष्ट हुनाका आठ कारणहरूसमेत प्रष्ट रूपमा औल्याई सम्पत्तिको सुरक्षा गर्नुपर्ने समेत गृहस्थीहरूलाई सचेत गराएको छ । सम्पत्ति नष्ट हुनाका आठ कारणहरू देहायबमोजिम रहेका छन्–

(क) परपुरूष तथा परस्त्री गमन गर्नु (ख) सुरापिपास सस हुनु (ग) जुवाडे तथा पापी मित्र अथवा खराब संगत गर्नु (घ) आगोद्वारा (अग्नि भय) (ङ) पानीद्वारा पानीद्वारा (जलभय) (च) खराब सन्तान (छ) चोरद्वारा (चोर भय) (ज) राज्यद्वारा (राज भय) । यी उल्लेखित आठवटा कारणबाट हुने सम्पत्ति विनासलाई होसपूर्वक रोकी सम्पत्ति विनास हुनबाट जोगाई सुरक्षा गर्नुपर्छ भनी दीघजानु सुत्तमा उल्लेख गरिएको छ (भिक्षु बोधिसेन महास्थविर, वि.सं २०६८) ।

**आर्थिक पक्षबाट प्राप्त चार सुख सम्बन्धमा**

गृहस्थी जीवनमा आफूले सम्यकपूर्वक आर्जन गरेको सम्पत्तिबाट चार प्रकारको सुखको अनुभूत हुने उल्लेख गरेको छ । वास्तवमा ती सुख प्राप्तिको लागि जति मेहनत, पसिना तथा बुद्धि प्रयोगबाट सम्यक्रूपले कमाएको थियो त्यति नै आनन्दित अभूतपूर्वक सुखको अनुभूति गृहस्थीहरूले गर्न पाउँछ भनी निम्न चार सुखलाई अनण्य सुत्तमा उल्लेख गरिएको छ (भिक्षु वोधिसेन महास्थविर, वि.सं २०७२) ।

**(क) आर्थिक सम्पत्ति सुख**

आफूले उत्साहपूर्वक मेहनत तथा पसिना बगाई धर्मपूर्वक वा धर्मद्वारा शीलवान् भएर सम्यक आजिविकापूर्वक सीप तथा क्षमताद्वारा आर्जित सम्पत्ति आफूमा निहित रहनु जीवनमा सुखी तथा आनन्दित हुन्छ । यसलाई आर्थिक सम्पत्ति सुख भनिन्छ । यस प्रकारको आर्थिक सम्पतिले जीवनमा आईपर्ने हर प्रकारका आर्थिक रूपी समस्या एवं कमी कमजोरीलाई समाधान गर्न मद्दत पुग्ने भएकोले जीवन सुखी तथा आनन्दित हुन्छ ।

**(ख) सम्पत्ति भोग सुख**

आफूले उत्साहपूर्वक मेहनत गरी पसिना बगाई शीलवान् भएर सम्यकपूर्वक सीप तथा क्षमताद्वारा आर्जित आर्थिक सम्पत्तिको उपयोग तथा भोग गर्न पाउँदा जीवनमा सुखी तथा आन्दित हुन्छ । यसलाई सम्पत्ति भोग सुख भनिन्छ । ती आर्जित सम्पत्तिबाट देहाय बमोजिमका आवश्यकता परिपूर्ति गर्न पाउँदा जीवनमा बेग्लै आनन्द तथा सुख प्राप्तिको अनुभुति हुन्छ । उसको आफ्नै आवश्यकताहरूः खाने, पिउने र कपडा लाउने आदि;

आफ्नै श्रीमती र केटाकेटीको लागि खर्च गर्ने; बाबु आमाको निम्ति प्रदान गर्ने; साथीहरू र सम्बन्धितहरूलाई खुशी पार्ने; राज्यका कर बुझाउने; परोपरकार र असल कामहरूको निम्ति दिने; आर्यश्रावकलाई दिने र सेवा सुविधाजन्य वस्तु/साधनको प्रयोग (इदिरीविरा, वि.सं. २०५९) ।

**(ग) ऋणमुक्त हुँदाको सुख**

जीवनमा ऋणको भारबाट हुने पीडा बहुत कष्टकर तथा दर्दनाकपूर्ण समेत हुने गर्दछ । ऋण तिर्न नसक्दा नैतिक ह्रास तथा इज्जतमाथि धक्काको साथै कष्टप्रद सजायसहित जीवन जीउनु बाध्य हुनुपर्दछ । ऋण चुक्ता गर्न नसक्दा मानसिक पीडा पनि उतिकै जलनशील हुन्छ । समाजमा ऋण चुक्ता गर्न असमर्थताले अपराधिक

घटनासमेत निम्त्याउन सक्छ। तसर्थ आफ्नो गच्छेअनुसार आय र व्ययलाई सन्तुलित रूपमा ऋणमुक्त भएर सम्यकपूर्वक जीवन जिउनुको सुख र आनन्दको मज्जा नै बेग्लै हुन्छ। यसलाई नै ऋणमुक्त हुँदाका सुखी जीवन भनिन्छ।

**(घ) निर्दोष सुख**

आफूले कुनै गल्ती गरेको छैन र कुनै पनि दोषारोपणबाट मुक्त छु भन्ने बोध हुनु एउटा ठूलो विश्रान्ति तथा आनन्द हो। आफूले अपनाएको स्वच्छ दृष्टिकोणले जीवनलाई सुख प्रदान गर्दछ। (इदिरीविरा, वि.सं. २०५९)। जीवन जिउनुमा आर्थिक रूपले सफल भई आय र व्ययलाई सन्तुलित ढंगले अगाडि बढाई काय, वचन र मनबाट गरिने निर्दोषरूपी कर्मबाट हुने सुख र आनन्द नै निर्दोष सुख हो।

उल्लेखित चार सुखको अनुभुतसहित शान्त र आनन्दित जीवन चरिया नै सफल जीवन हो। मनुष्य भएर जन्मी कलंकरहित ढंगबाट काय बचन र मनबाट समेत सम्यकपूर्वक आर्थिक आर्जनलाई सन्तुलित ढंगले व्यवस्थापन गरी सफलतापूर्वक जीवन जीउने कलालाई विभिन्न प्रसंग तथा घटनालाई जोडी बुद्धद्वारा देशना भएको देखिन्छ।

**निचोड**

गृहस्थी जीवनयापनको क्रममा आवश्यकता परिपूर्तिको माध्यमको रूपमा रहेको आर्थिक अवस्थालाई सबल बनाई सोको व्यवस्थापनको पक्षको सन्दर्भमा शील पालना गरी नैतिक धरातलमा पनि उभिनु जरूरी देखिन्छ। पञ्चशील तथा सम्यक् आजिविका जस्ता न्यूनतम आचरणलाई अंगिकार गरी कुशल कर्म संग्रह गर्दै सीप र दक्षतासहितको क्षमता उपयोग गरी व्यवसाय, व्यापार, उद्योगधन्दा गरी आर्थिक उपार्जन गर्नुपर्छ। जीवन निर्वाह गर्ने क्रममा हर क्षेत्रसँग आर्थिक पक्षको संलग्न हुने भएबाट गृहस्थी जीवनमा सीपमूलक दक्ष नागरिकको साथै निरालसि, मेहनति एवं परिश्रम हुनु पर्नेमा समेत बुद्ध शिक्षाले जोड दिएको छ। यस अर्थमा आर्थिक उपार्जनको लागि चार सम्पदा ग्रहण गरी आर्थिक सम्पतिको सही उपयोग तथा संरक्षणसहित पारिवारिक तथा सामाजिक जीवनयापन समेतलाई मध्यनजर गरी आफ्नो काम कर्तव्यको जिम्मेवारी पूरा गर्न सकेमा सुखी तथा आनन्दित जीवन व्यतित हुने यथार्थता सहितको बुद्ध शिक्षा वर्तमान घडिमा झन सान्दर्भिक, उपयोगसिद्ध एवं लाभदायिक रहेको छ।

अन्तमा: सफल जीवन जिई कुशल मार्गलाई दोहयाउन सकेमा मनुष्य जीवन जिउनुको सार्थकता रहन गई सुगति प्राप्त भई दुःखबाट सदाको लागि मुक्त हुने वास्तविकता नै बुद्ध शिक्षा हो।

**निष्कर्ष**

यस धर्तीमा पदार्पण भएसँग जीवन जीउने क्रममा शीलवान, नैतिकवान्सहित कुलश कर्ममा विश्वास गरी अगाडि बढेमा मनुष्य जीवन सुखी तथा आनन्दित हुन्छ। आफ्नो इच्छा र स्वार्थमा अरूप्रति हानि तथा नोक्सान गरी स्वार्थ परिपूर्ति गरी जीवन निर्वाह गरेता पनि सोबाट प्राप्त आनन्द क्षणिक भई दीर्घकालसम्म पश्चाताप हुने गर्छ। साथै उक्त गलत (अकुशल) कर्मको फल पनि कठोर तथा अप्रिय भई दुर्गती मार्ग हुँदै अपाय गतिमा समेत पुग्ने भएको यथार्थ नै बुद्ध शिक्षा हो। अतः म/मेरो भन्ने मनुष्य जीवनको स्वार्थी भावनाबाट अभिप्रेरित भई अरूको हानि/नोक्सानी नगरी शील सम्पन्न भई कुशल मार्ग पच्छ्याउँदै सुगति मार्ग प्राप्त गरी सदाका लागि दुःख मुक्त हुनु नै बुद्ध शिक्षाको अन्तिम लक्ष्य रहेको छ। गृहस्थी जीवनयापनको क्रममा सफल तथा सुखदायी आनन्दित जीवनयापनमा आवश्यक आर्थिक सवलता प्राप्तिको खातिर सीपयुक्त इमान्दार मेहनती, परिश्रमि भई सम्यक आजिविकासहितको आर्थिक क्रियाकलापको आवश्यकता बोध गरेको छ। गृहस्थी जीवनमा आवश्यक आर्थिक सवलतासँगै पुण्य सञ्चय गदै कुशल मार्गमा हिड्नु नै बुद्ध शिक्षाको उपादेयता रहन गएको वास्तविकतालाई हृदयगमन गरी उचित आर्थिक उन्नति तथा सोको व्यवस्थापन गरी स्वावलम्बीसहित कर्तव्य बोध भई जीवन जिउनु नै सुखी तथा आनन्दित जीवन हो।

म/मेरो भन्ने आफ्नो स्वार्थको कारण मनुष्यबाट अकुत सम्पत्ति जम्मा गर्ने क्रममा आर्थिक अपराध तथा भ्रष्टाचारजन्य कार्य तिव्र रूपमा वृद्धि भइरहेको वर्तमान समय तथा परिस्थितिमा पनि बुद्धद्वारा देशित आर्थिक सन्दर्भका विषयहरू अत्यन्त सान्दर्भिक रहि उर्जाशिल, मननयज्ञ तथा नैतिकता स्थापनार्थ महत्व रहेको छ।

## सन्दर्भ सूची

*अंगतुर निकाय, (अट्ठक र नवक निपात),* चौथो भाग, विपश्यना विशोधन विन्यास, इगतपुरी, भिक्षु वोधिसेन महास्थविर (अनु.) (वि.सं २०६८), नातिकाजी महर्जन र नारायणदेवी महर्जन।

*अंगतुर निकाय (चतुक्क र पञ्चक निपात),* दोश्रो भाग, विपश्यना विशोधन विन्यास, इगतपुरी, भिक्षु वोधिसेन महास्थविर (अनु.) (वि.सं २०६८) काशीमाया मानन्धर, चुन्ति मानन्धर, पूर्ण लक्ष्मी मानन्धर र केशावति मानन्धर।

*अंगतुर निकाय (छक्क र सत्तक निपात),* तेश्रो भाग, विपश्यना विशोधन विन्यास, इगतपुरी, भिक्षु वोधिसेन महास्थविर (अनु.) (वि.सं २०६८), अनागारीक विर्य पारमिता।

इदिरीविरा,ए.एस. (सन १९९० मे १०) *Essentials of Buddhism* बे.महर्जन(अनु)(बु.सं.२५४७), *बुद्धवादका सारहरू,* बौद्ध जागरण समाज, ।

उपाध्याय, वलदेव (.सन १९४६), *बुद्ध दर्शन मिमांसा,* मेनेजर शारदा मन्दिर २११७, गणेश दीक्षित।

*धम्मपद* (वि.सं. २०८०), छट्ठ संगायन पालि त्रिपिटक, विपश्यना विशोधन विन्यास इगतपुरी, म. मानन्धर (संक/सं.), धर्मकिर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकिर्ति बिहार।

बज्राचार्य, कविरकुमार (अनु.) (वि.स.२०७०), *सुत्तनिपात,* त्रिपिटक ज्ञानकक्षा।

बजाचार्य, दुण्ड बहादुर (अनु.) (वि.स.२०६८), *जातक,* न्हापांगु भाग, वीर-पूर्ण पुस्तक संग्रहालय

----------(अनु.) (वि.स.२०६८), *जातक,* प्यंगुगु भाग, वीर-पूर्ण पुस्तक संग्रहालय

----------(अनु./स.) (वि.स.२०५६), *दीघ निकाय,* वीर-पूर्ण पुस्तक संग्रहालय।

----------(अनु./स.) (वि.स.२०५८), *धम्मपद,* वीर-पूर्ण पुस्तक संग्रहालय।

----------(अनु./स) (वि.सं. २०५४), *मज्झिम निकाय,* वीरपूर्ण पुस्तक संग्राहलय।

----------(अनु./स.) (वि.स.२०५५), *संयुत्त निकाय,* वीर-पूर्ण पुस्तक संग्रहालय।

----------(बु.सं.२५१६), *बुद्धकालिन गृहस्थीहरू* भाग १, आनन्दकुति विहार गुठी, आनन्दकुति विहार, स्वयम्भू।

----------(बु.सं.२५१७), *बुद्धकालिन महिलाहरू* भाग १, आनन्दकुति विहार गुठी, आनन्दकुति विहार, स्वयम्भू।

महर्जन, अनिरूद्ध (२०२३), सुशासनको प्रत्याभूतिः पञ्चशीलको पूर्ण पालना, *Historical Journal*, १४(१, ९५-१०४)। https://doi.org/10.3126/hj.v14i1.52967